नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ६०

मितिः-२०८२/०५/१३

नेपाल संवत् ११४५

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

विषयः- मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धमा।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखाको प.सं. २०८२/०८३, च.नं. ६०, मिति २०८२/०५/०८ को मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी पत्र र सोसाथ प्राप्त भाषा आयोगको तामाङ भाषा तथा लिपिको सम्बन्धी पत्र यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः www.mofaga.gov.np

दर्ता ५२० ५।१२

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०८२।८३
चलानी नं.:- ६०

मितिः २०८२/०५/०८
नेपाल संवत् ११४५

विषयः मातृभाषाका पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. ७०८ मिति २०८२/०३/०३ को पत्रानुसार मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तकको लेखनमा प्रयोग गरिने लिपिसम्बन्धी विषयमा प्रदेश र स्थानीय तहमा पत्राचार गरिदिन भनी लेखी आएकोमा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन र लिपिको प्रयोग सम्बन्धमा भाषा आयोगको च.नं. ४६२ मिति २०८१/०३/२७ को पत्रकासाथ प्राप्त आयोगको निर्णयमा मातृभाषाहरूको प्रयोग क्षेत्र, प्रयोजन र कार्य विशेषका आधारमा सम्बन्धित जातीय/भाषिक सङ्घसंस्थाहरू समेतको सहमतिमा कुनै एक वा एक भन्दा बढी लिपिहरूको छनौट गरी प्रयोग गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारहरू समक्ष सिफारिस भई आएको हुँदा आयोगको उक्त सिफारिस कार्यान्वयन गर्ने व्यवस्थाका लागि स्थानीय तहहरूमा पत्राचार गरिदिनु हुन यस मन्त्रालयको मिति २०८२/५/५ को निर्णय (मन्त्रीस्तर) अनुसार अनुरोध छ ।

बोधार्थ

श्री भाषा आयोग, शङ्खमूल, काठमाडौं ।

श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.- ९२
मितिः- २०८२/०५/१२

(कृष्णचन्द्र पोखेल)
उपसचिव

फोन नं.:

# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)
शङ्खमूल, काठमाडौं

वि: शि
०२
४१९

स २५९४
३१३०

शिक्षा/की. १४५६
०८१/३/३०

प.सं. ०८०/८१
च.नं. ४६२

मिति: २०८१/०३/२७
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
मूल दर्ता नं.:- 2606
दर्ता मिति:- 2081/04/28

भाषा आयोग
शङ्खमूल, काठमाडौं
२०७३

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः तामाङ भाषा तथा लिपिको सम्बन्धमा ।

प्रस्तुत विषयमा ताहाँ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८०/०८१ च.न. ५१७ मिति २०८१/०२/२७ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सन्दर्भमा मिति २०८१/०३/२६ गते बसेको आयोगको बैठकले तामाङ भाषा र लिपिको प्रयोग सन्दर्भमा देहाय बमोजिम सिफारिससहितको निर्णय भएको हुँदा कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौंको मिति २०८१/२/२७ च.नं. ५१७ को प्राप्त पत्रमा शिक्षा, सञ्चार क्षेत्रलगायत बागमती प्रदेश सरकारी कामकाजको भाषा ऐन २०८० बमोजिम तामाङको कुन भाषा र लिपिको प्रयोग गर्न सकिने हो ? भनी स्पष्ट पारिदिन उल्लेख गरिएको छ।

ख) उल्लिखित सन्दर्भमा, तामाङ भाषाको विकास, मानकीकरण, आधुनिकीरण र यान्त्रिकीकरण समेत भई भाषा आयोगबाट सरकारी कामकाजको भाषा निर्धारणका लागि तय गरिएका आधारहरू पूरा नभएसम्म र तामाङ भाषामा सर्वस्वीकार्य मानक भाषा र लिपिको विकास भई प्रयोगमा नआउञ्जेसम्म सङ्घ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायहरू र तामाङ समुदायको जाति/भाषिक संस्था (नेपाल तामाङ घेदुङसहित तामाङ जाति/तामाङ भाषासम्बन्धी अन्य संस्था भएमा सोसमेत) बीचको सहमतिमा प्रचलित तामाङ भाषा र तामाङ भाषाको लेखनमा प्रयोग भईआएका तामयीग, देवनागरी र परम्परागत सम्भोटा लिपिहरूमध्ये तामाङ भाषाको प्रयोग क्षेत्र, प्रयोजन र कार्य विशेषका आधारमा कुनै एक वा एकभन्दा बढी लिपिहरूको छनोट गरी प्रयोग गर्न सकिने हुँदा सोही बमोजिम गर्न गराउन सङ्घ, प्रदेश र स्थानीय सरकारहरू समक्ष सिफारिस गर्ने निर्णय गरियो।

ग) यसअघि नै पाठ्यक्रम विकास केन्द्रबाट देवनागरी र सम्भोटा लिपिमाआधारित तामाङ मातृभाषा विषयको पाठ्यपुस्तक लेखन र प्रकाशन भई कार्यान्वयन हुनाका साथै ताहाँबाट अनुमति प्राप्त गरी तामयीग लिपिमा आधारित तामाङ मातृभाषा विषयको पूरक पाठ्यसामग्री समेत लेखन र प्रकाशनभई कार्यान्वयन भएको देखिएको हुँदा शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय, काठमाडौंमा यसै सिफारिस बमोजिमको तामाङ भाषा र उक्त भाषाको लेखनमा प्रयोग हुँदै आएका लिपिहरूको कार्यान्वयन गर्न गराउन लेखी पठाउने निर्णय गरियो।

.............................
डा. लोकबहादुर लोप्चन
का.मु. सचिव

बोधार्थः
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल तामाङ घेदुङ, संघीय कार्यसमिति, संघीय सचिवालय, काठमाडौं ।

**श्री विद्यालय शिक्षा महाशाखा**